**बेनीघाट रोराङ गाउँपालिका**

# नवौं गाउँसभा

***अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटीद्वारा प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रम***

**बेनीघाट रोराङ गाउँपालिकाका गाउँसभा सदस्यज्यूहरु,**

यस गाउँपालिकाको अध्यक्षको हैसियतले सर्वप्रथम गरिमामय नवौं गाउँसभामा उपस्थित सवै महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्दछु । देशलाई निरंकुशताको दलदलबाट मुक्ति दिलाई हामीलाई लोकतन्त्र, स्वतन्त्रता र स्वायत्तताको वाटोमा डोऱ्याउने क्रममा सहादत प्राप्त गरेका प्रजातन्त्रका सेनानी सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र नेपाली जनताको अथक प्रयासको परिणाम हो । एकात्मक राज्य व्यवस्थाले अंगिकार गर्दै आएको एउटै भाषा, एउटै धर्म तथा एउटै जातजातिको नीतिले नेपाललाई निकै पछि धकेलेको महशुस गरी नेपालमा पटक पटक भएको जनआन्दोलनबाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा घोषणा गरिएको हो । देशको आर्थिक समृद्धि तथा समावेशी विकास नै संघीय लोकतान्त्रिक गणतन्त्रको मूल उद्देश्य हो । नेपालको नयाँ संविधान २०७२ लाई कार्यान्वयन गर्ने क्रममा सम्पन्न स्थानीय तहको पहिलो चरणको निर्वाचनबाट जनताले स्थानीय जनप्रतिनिधिहरु चयन गरी स्थानीय सरकारको रुपमा हामीलाई सुम्पेको अभिभारा हामीले कुशलतापूर्वक निभाउँदै आएका छौं । आकासिंदो जनआकांक्षा, कमजोर संस्थागत प्रवन्ध, घट्दो स्थानीय श्रोत साधनको वावजुद पनि हामीले सीमित श्रोत साधनबाट जनताहरुलाई सरल, सुलभ तथा पारदर्शी रुपमा सेवा प्रदान गर्ने अवसरलाई उत्तरदायीपूर्ण ढंगले पुरा गर्दै आएका छौं । संकुचित आर्थिक श्रोत, जटिल भूवनावट, वाढी पहिरोको चरम संवेदनशीलता, दक्ष जनशक्तिको अभावको वीच पनि गाउँपालिकाले थुप्रै विकास निर्माणका कामहरु सम्पन्न गरेको व्यहोरा यहाँहरुलाई विदितै छ । गाउँपालिकामा भएको सानो जनशक्तिको सहारामा हिंजो पैदल हिंड्ने जनतालाई सुविधा सम्पन्न वस, जीप तथा कारमा हिंड्न सक्ने सामर्थ्य पैदा गर्नु, हिंजो टुकीको उज्यालोमा वाँच्न वाध्य जनतालाई झलल्ल वल्ने वत्तीको चमकमा वस्न पाउने वातावरण श्रृजना गर्नु सानो विषय होइन ।

**गाउँसभा सदस्यज्यूहरु,**

स्थानीय सरकारको स्थापनासंगै हामी जनप्रतिनिधिले नेतृत्व गर्ने अवसर पाएपछि यस गाउँपालिकालाई "कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधार, बेनीघाट रोराङ गाउँपालिको समृद्धिको मूल आधार "भन्ने सोच स्थापित गरिएको र उक्त सोचलाई साकार बनाउन आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । मानव अस्तित्वलाई नै चुनौति दिइरहेको कोभिड १९ का कारण विश्वभरिमा झण्डै ३९ लाख मानिसहरुले ज्यान गुमाई सकेका छन भने झण्डै ९००० नेपालीहरुले अकालमा मृत्युवरण गर्न वाध्य भएका छन । कोभिड १९, विश्वका झण्डै ६ करोड मानिसहरुलाई खरानी वनाएर विश्व अर्थतन्त्र तहस नहस गरेको दोश्रो विश्वयुद्दको ठूलदाई बन्ने हो कि भन्ने आशंका धेरै मानिसहरुले गरेका छन । विश्वलाई नै चुनौति दिंदै आएको कोभिड १९ ले हामीलाई पनि बाँकी राख्ने कुरा आएन । यसले हाम्रो विकास निर्माण प्रक्रियामा धेरै वाधा र व्यवधानहरु उत्पन्न गऱ्यो र गरिरहेको छ । यसरी उत्पन्न असहज परिस्थितिमा यस गाउँपालिकावासीको जनस्वास्थ्य र जीवन रक्षाको लागि अग्रपंक्तिमा खटिएर सेवा प्रदान गर्नु हुने सम्पूर्ण

स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारी , सुरक्षाकर्मी लगायत अप्रत्यक्ष रुपमा सेवा प्रदान गर्नु हुने सवै महानुभावहरुमा उच्च सम्मान व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यज्यूहरु,**

बेनीघाट रोराङ गाउँपालिका धेरै संभावनाहरुको खजना हो । गाउँपालिकाको वक्षस्थल हुँदै वग्ने त्रिशुली नदीले हामीलाई जल पर्यटनको आधारस्तम्भ खडा गरेको छ भने प्राकृतिक रुपमा यस गाउँपालिकामा पाइने उत्कृष्ट चुनढुङ्गाकै कारण हाम्रो गाउँपालिकामा ठूलो सिमेन्ट कारखाना स्थापना भएको छ । चुनढुङ्गाले हामीलाई सिमेन्ट, रंग, कागज, रवर, ग्लास तथा प्लाष्टिक उद्योगहरु स्थापनाका लागि सपना देख्न वा विश्वका ती उद्योगहरुमा कच्चा पदार्थ आपूर्तिका लागि विश्वसंग जोड्ने एउटा आधार खडा गरेको छ । गाउँपालिका तरकारी तथा फलफूल उत्पादनको हिसावले पनि उर्वरभूमिको रुपमा रहेको छ । धादिङ्गबाट काठमाण्डौमा जाने तरकारीको ठूलो हिस्सा बेनीघाट रोराङले पनि ओगटेको छ । उत्तरमा त्रिशुली नदीदेखि दक्षिणमा महाभारत पर्वत श्रृँखलासम्म लेक, वेशी, डाँडाकाँडा समेटिएर बनेको विभिन्न जातजाति, धर्मावलम्वी, भाषाभाषीको साझा फूलवारी बेनीघाट रोराङ गाउँपालिकाका सम्पूर्ण गाउँवासीहरुको मुहारमा खुशीको लहर ल्याउन राजनैतिक, सामाजिक तथा आर्थिक रुपमा देखिएको पछौटेपनको अन्त गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिका साथ स्थानीय सरकारको माध्यमबाट गाउँको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्ने प्रयास हामी जनप्रतिनिधिले गर्दै आएका छौं । हामीले कोरेका विकासका सपना तथा योजनाहरुलाई व्यवहारिक वनाउन र हामीलाई सही वाटोमा डोऱ्याउन हाम्रा शुभचिन्तक, विकास साझेदार तथा सरोकारवालाहरुले खेलेको भूमिकाप्रति म नतमष्तक भएको छु ।

**गाउँसभा सदस्यज्यूहरु ,**

तपाई हामीलाई थाहै छ चालु आर्थिक वर्ष २०७७/०७८ हामीहरुको लागि सुखद रहन सकेन । आ.व. २०७६/०७७ देखि शुरु भएको कोरोना भाइरस –कोभिड–१९) महामारीले वर्षैभरी सताइरह्यो भने आर्थिक वर्ष २०७७/०७८ को शुरुवातमै अविरल वर्षाको कारण आएको विपदले धेरै भौतिक संरचनाको क्षती व्यहोर्न विवश वनायो । हाम्रो विकासको गतिलाई कमजोर तुल्याउन कहिले भूकम्प, कहिले वाढी पहिरो त कहिले कोभिड आए तर हामीले हिम्मत हारेका छैनौं, जस्तोसुकै विषम परिस्थिति होस हामी जनतालाई हौसला दिंदै, उनीहरुकै वीच माया र सद्भाव वांड्दै आएका छौं । हामीलाई थाहा छ हाम्रो गाउँपालिका वाढी र पहिरोको पर्याय हो तर हामी यही हाम्रो कमजोरीमाथि उभिएर नेपालकै उत्कृष्ट गाउँपालिका बन्न चाहान्छौं र यो संभव पनि छ । वाढी, पहिरो तथा कोभिडका कारणले हामीले लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेनौं, हाम्रो विकास वजेटको धेरै अंश विपद लक्षित कार्यक्रममा खर्च गर्नु परेको कारणले आ.व. २०७७/०७८ को नीति र कार्यक्रममा हामीले आशा गरे जस्तो नतिजा हासिल गर्न सकेनौं ।

**गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ को भाग ४ को धारा ४९, ५० र ५१ अनुसार क्रमसः राज्यले तय गरेको दायित्व, निर्देशक सिद्धान्त र नीतिलाई स्वीकार गर्दै संविधानको अनुसूची ८ ले दिएको स्थानीय तहको अधिकार क्षेत्रमा रही निर्माण गरिएको छ । पूर्वाधार निर्माण र सेवा क्षेत्रका सुधारलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम निर्माण गरेको छु । हामी वीचमा रहेका

सीमित श्रोत र साधनहरुको न्यायोचित प्रयोग गर्दै हाम्रा असीमित आवश्यकता र चाहनाहरुलाई योजनावद्धढंगले क्रमिक रुपमा पुरा गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै अब म बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ मा गाउँपालिकाले अवलम्वन गर्ने क्षेत्रगत नीति तथा आधारहरु पेश गर्न चाहन्छु ।

**सामाजिक क्षेत्रतर्फ**

**स्वास्थ्य**

१. कोभिड–१९ (कोरोना भाईरस), रोकथाम, नियन्त्रण र उपचारको कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउन हाल मलेखुमा रहेको धर्मशाला आईसोलेसन सेन्टरलाई क्रमिक रुपमा कोभिड अस्पतालको रुपमा स्थापित गर्दै लगिने छ । कोभिड रोकथामलाई आवश्यक पर्ने प्रविधि, उपकरण, भौतिक पूर्वाधार, औषधी तथा दक्ष जनशक्ति व्यवस्थापन कार्यका लागि संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

२. कोभिड–१९(कोरोना भाईरस) को रोकथाम र नियन्त्रण गर्न यस गाउँपालिका भित्र सञ्चालित आइसोलेसन सेन्टरलाई व्यवस्थित गर्दै लगिने छ । शंकास्पद व्यक्तिहरुको पि.सि.आर परीक्षण कार्यलाई तदारुकताका साथ अघि वढाइने छ । कोभिड १९ विरुद्धको भ्याक्सिन सवै जनताहरुका लागि सर्वसुलभ रुपमा उपलव्ध हुने वातावरण श्रृजना गर्नका लागि गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

३. गाउँपालिकाका प्रत्येक घरदैलोमा पुगी वर्षको कम्तिमा एक पटक आम नागरिकहरुको स्वास्थ्य परिक्षण गरिने छ ।

४. सवै वडामा मातृ तथा वालमृत्युदर घटाउन ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमलाई निरन्तरता दिंदै दक्ष कर्मचारको व्यवस्था गरी स्वास्थ्य संस्थामा प्रसुती सेवा सहितको वर्थिङ सेन्टर स्थापना गरिनेछ र सवै स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुको क्षमता विकास गरी स्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५. पालिकाबाट निःशुल्क प्रदान गरिने औषधीहरुमा सबै गाउँबासीहरुका लागि सरल र सहज पहुँच स्थापना गरिनेछ । पालिकाभित्रका कुपोषित चेपाङ, गरिव, दलित, सीमान्तकृत तथा अपाङ्ग वालवालिकाहरुको पहिचान गरी समुदायस्तरमा पोषण पुनरुथापना केन्द्र स्थापना गरी सुधारका लागि पहल गरिनेछ ।

६. गाउँवासीहरुको स्वास्थ्य स्थितिलाई ह्दंयमगम गरी जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने सूर्तिजन्य तथा मदिराजन्य पदार्थहरुको विक्रि वितरणमा निरुत्साहन गर्ने नीति ल्याइने छ । गाउँपालिकामा सूर्तिजन्य, मदिराजन्य पदार्थको उपयोगमा कमी ल्याउन विभिन्न खालका चेतनामूलक, अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । अत्याधिक रक्सी सेवनबाट आक्रान्त हाम्रा समुदायहरुमा समुदायमा आधारित सुधार केन्द्रहरुको स्थापनामा जोड दिइने छ।

७. कोभिड १९ बाट प्रभावित सिमान्तकृत वर्गहरु (ज्यालादारीमा काम गर्ने श्रमिक, एकल महिला, अपाङ्ग, वृद्धवृद्धा, अनाथ वालवालिका आदि ) को खण्डिकृत तथ्याङ्क संकलन, व्यवस्थापन गरी

विभिन्न खालका स्वास्थ्य सम्वन्धि राहत प्याकेज उनीहरुको पहुँचमा पुऱ्याउने कोशिस गरिनेछ ।

८. स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुको वीचमा कार्यसम्पादन सम्झौता गरी स्वास्थ्यको क्षेत्रमा अहोरात्र काम गर्ने, असल नतिजाका लागि खट्ने कर्मचारीहरुलाई **प्रोत्साहन** गर्ने नीति अवलम्वन गरिने छ ।

९. नागरिक स्वास्थ्य विमा, आधारभूत आकस्मिक स्वास्थ्य सेवा तथा स्वास्थ्यमा सर्वव्यापी पहुँच स्थापना गरिनेछ ।

१०. स्वास्थ्यमा सरकारी, नीजि तथा गैर सरकारी सहकार्य र साझेदारीमा जोड दिइने छ ।

११. पोषणको अवस्थालाई सुधार गर्न मिसावट र हानिकारक खानालाई निरुत्साहित गर्ने नीति अवलम्वन गरिने छ ।

१२. महिलाको पाठेघर तथा प्रसुती सम्वन्धि समस्यालाई समाधान गर्न विशेष शीविर तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१३. स्वास्थ्य क्षेत्रको दीगो विकासका लागि आवश्यक पर्ने वित्तिय तथा विशेष कोषको व्यवस्थापन गरिने छ ।

**शिक्षा**

१४. बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको हाल खाईपाई आएको पारिश्रमिकमा वृद्दि गरिनेछ ।

१५. आधारभूत विद्यालहरुमा नेपाल टेलिकमको सहकार्यमा इन्टरनेट सेवा विस्तार गरिनेछ।

१६. विद्यालय शिक्षालाई वालमैत्री, प्रतिष्ठित, श्रृजनशील, सहज र सुलभ वनाइने छ ।

१७. विद्यालयभित्रको सुशासनलाई सुदृढ गर्न विद्यालय व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिने छ ।

१८. विद्यालयभित्रको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई वढी जिम्मेवार वनाई अघि वढ्नका लागि विद्यालय संस्थागत स्वमूल्याङ्कनको परिपाटीलाई केही विद्यालयहरुबाट लागु गरी क्रमशः अरु विद्यालयहरुमा विस्तार गरिनेछ । र यसैको आधारमा विद्यालयहरुलाई ग्रेडिङ गरिनेछ ।

१९. गाउँपालिका भित्रका विद्यालयहरुको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।

२०. विद्यालयका सम्पूर्ण शिक्षकहरु वर्षमा कम्तिमा एक पटक अभिभावकहरुको घरदैलोमा पुग्ने निति अवलम्बन गरिने छ।

२१. विद्यालयभित्र कार्यरत शिक्षकहरुमा आन्तरिक प्रतिष्पर्धाको भावना जागरण गराउन प्रधानाध्यापक तथा शिक्षकहरु वीच कार्यसम्पादन गर्ने वातावरण श्रृजना गर्नका लागि शिक्षा शाखा तथा विद्यालयका प्र.अ.हरुको क्षमता विकास गरिनेछ ।

२२. प्रारम्भिक बालविकास कक्षा तथा वालस्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजिकरण गरिनेछ । वालविकासको विहानीको रुपमा रहेको वाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकासमा जोड दिइने छ ।

२३. माध्यमिक शिक्षालाई प्रभावकारी वनाउनका लागि सरकारी, नीजि तथा सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गरिनेछ

२४. सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन नतिजाको आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

२५. कोभिड १९ का कारणले अवरुद्ध रहेको सिकाई प्रणालीलाई सुचारु गर्न दुर शिक्षा तथा खुला शिक्षा लगायत वैकल्पिक शिक्षा प्रणालीमा जोड दिइने छ ।

२६. संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरीक्षण र नियमनलाई निरन्तरता दिइने छ ।

२७. शिक्षाको पहुँच अभिवृद्धि गर्नका लागि अति विपन्न तथा सिमान्तकृत वालवालिकाहरुलाई शैक्षिक सामाग्री, विद्यालय पोशाक आदिको क्रमसः व्यवस्थापन गरी बालबालिकाहरुसँगको न्यानो माया कार्यक्रमलाई प्रभावकारी बनाइने छ । विद्यालय वाहिर रहेका विद्यालय जाने उमेरका वालवालिकाहरुलाई औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।

२८. स्थानीय तहको अधिकार क्षेत्रभित्र आएको माध्यमिक तह सम्मको शैक्षिक संस्थाको अनुमति तथा नियमन कार्यलाई व्यवस्थित बनाई समयसापेक्ष प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण श्रृजना गरिनेछ । शैक्षिक सत्र २०७८ देखि स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १, २ र ३ मा लागु गर्दै क्रमशः कक्षा ८ सम्म पुऱ्याईनेछ ।

२९. सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय वनाउन खुल्ला सार्वजनिक सुनुवाई गरी समाज र पेशाप्रति उत्तरदायी बनाइनेछ ।

३०. नीजि विद्यालयहरुलाई शैक्षिक मापदण्ड अनुसार सञ्चालन भए नभएको विषयमा अनुगमन गरी मूल्याङ्कन गरिनेछ ।

३१. क्याम्पसहरुको भैतिक पुर्वाधारको लागि थप टेवा पुर्याइनेछ ।

३२. विद्यालयको भौतिक संरचनालाई क्रमसः अपाङ्गमैत्री वनाइने छ ।

३३. शिक्षकहरुविचको शैक्षणिक अनुभव आदानप्रदान मार्फत शिक्षण सिकाई कृयाकलापलाई प्रभावकारी बनाउन विषयगत समितिहरुलाई परिचालन गरिनेछ।

३४. विद्यालयमा उच्चस्तरीय नतिजा हासिल गर्ने गरिव, दलित, अपाङ्ग छात्राहरुलाई पुरस्कृत गरिने छ । टुहुरा वालवालिका तथा जोखिममा रहेका वालवालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम ल्याइने छ ।

३५. विद्यालय हाताभित्र हुने कुनै पनि प्रकारको लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गर्ने नीति अपनाइनेछ ।

३६. विद्यार्थीहरुका लागि गरिदै आएको अतिरिक्त कृयाकलापलाई थप व्यवस्थित गर्दै अव हामी शिक्षकहरुका लागि पनि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने नीति अवलम्वन गर्नेछौं ।

**खानेपानी तथा सरसफाई**

३७. वडाभित्र रहेका खानेपानी मुहानहरु पहिचान, संरक्षण र संवर्द्धन गरी सबै घरमा एक घर – एक धारा पुऱ्याउने नीति अवलवम्वन गरी पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्न पहल गरिनेछ ।

३८. खानेपानी वितरणलाई सहज र प्रभावकारी वनाउन मुहानको एकात्मक अधिकार अन्त्य गर्दै सामूहिक अधिकार स्थापित गरिनेछ ।

३९. खानेपानीका मुहानको संरक्षणका लागि मुहान आसपासमा उपयुक्त मापदण्ड बनाई संरक्षण कार्यलाई सुदृढ गरी खानेपानी समितिहरुलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायी बनाउने नीति अबलम्बन गरिनेछ ।

४०. सावुनपानीले हातधुने, चर्पी प्रयोग गर्ने वानीको प्रवर्द्धन गर्न सचेतना निर्माणको काम गरिने छ ।

४१. अविलम्व चर्पी नभएका घरधुरीहरुको पहिचान गरी चर्पी निर्माणको अभियानलाई निरन्तरता दिइने छ ।

४२. खानेपानी तथा सरसफाईको गुरुयोजना निर्माणका लागि विभिन्न विकास साझेदारहरुसंग हातेमालो गरिने छ ।

४३. उपभोक्ता समिति दर्ता भई संचालन भएका लिफ्ट खानेपानी आयोजनाहरुको लाग्ने विद्युत महशुलको ५० प्रतिशत गाउँपालिकाले बेहोर्न आवश्यक व्यवस्था मिलाइने छ ।

**संस्कृति प्रवर्धन**

४४. गाउँक्षेत्र भित्रका सवै जातजाति, धर्म, सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यलाई प्राथमिकता दिंदै विभिन्न जात्रा, महोत्सव र पर्वहरुमा जातजाति विशेष सांस्कृतिक प्रबर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ ।

४५. कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

४६. सिमान्तकृत चेपाङ समुदायको मौलिक कला सस्कृति संरक्षणका लागि चेपाङ सांस्कृतिक संग्रहालय स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४७. गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, अन्तिम दाह संस्कार गर्ने घाट जस्ता सम्पदाहरुको विस्तृत दस्तावेज तयार पारी पुनर्निर्माण तथा संरक्षणको कार्यलाई जोड दिइनेछ ।

४८. हामीसंग भएको मौलिक संस्कृति र संस्कारलाई पर्यटन विकासको आधारको रुपमा विकास गरिने छ ।

**युवा, खेलकुद तथा मनोरञ्जन**

४९. "स्वास्थ्यका लागि खेलकुद, खेलकुदका लागि स्वास्थ्य " भन्ने मुल सन्देशलाई साकार गर्न युवाहरुलाई लक्षित गरी वडा स्तरमा भैरहेका युवा तथा खेलकुद विकास समितिलाई थप सक्रिय बनाउँदै गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी युवा सशक्तिकरण र

खेलकूदलाई प्रबर्दन गरिनेछ । विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन खेलकुदका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५०. स्वास्थ्य, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रवर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ भने सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति गर्ने नीति लिइनेछ । साथै वडा नं. ५ मा निर्माणाधीन क्रिकेट रंगशालाको निर्माण कार्यलाई तदारुकताका साथ अघि वढाईने छ ।

५१. विद्यालय तहमा राष्ट्रपति रनिङशिल्ड, क्रिकेट कप, मजदुर सहिद स्मृति खेलकुद कप, मदन भण्डारी फुटवल कप प्रतियोगिता लगायतका विविध विधामा पालिकास्तरीय खेलकुद कार्यक्रम सञ्चालन गरी खेलाडीको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ भने गाउँपालिकाको केन्द्रमा एक कवर्डहल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

५२. गाउँपालिकाले तयार गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, जेण्डर अडिट प्रतिवेदनले औंल्याएका सुझावहरुलाई वार्षिक कार्यक्रमहरुमा समावेश गरिनेछ ।

५३. नेपाल सरकारले अंगिकार गरेको वालमैत्री स्थानीय शासन पद्धतिलाई अवलम्वन गरी शिक्षा, स्वास्थ्य, महिला तथा वालवालिका, सामाजिक शाखा आदिका वीचमा एक्यवद्धता कायम गरिने छ ।

५४. गाउँपालिकाभित्र भएको विभिन्न खालका सामाजिक विकृति र विसङ्गतिहरु जस्तै वालश्रम शोषण, वालहिंसा, वालवेचविखन, वालविवाह, लैङ्गिकता, भाषा, धर्म तथा संस्कृतिको नाममा गरिने वाल विभेद हटाउनका लागि टोल विकास संस्थाहरुको क्षमता विकास गरी विभिन्न खालका चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५५. गाउँपालिकाभित्र भएका विभिन्न खालका लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गर्न आमा समुह, महिला सहकारी तथा टोल विकास संस्थाहरुसंगको साझेदारी मार्फत विभिन्न खालका चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

५६. महिला, वालवालिका, अपाङ्गहरुमाथि हुने हिंसालाई व्यवस्थित रुपमा न्युनीकरण गर्न व्यवस्थित र मर्यादित सूचना प्रणाली अवलम्वन गरिने छ ।

५७. भौतिक निर्माणका उपभोक्ता समिति गठनदेखि विभिन्न खालका समिति, उपसमितिहरु गठन गर्दा महिलालाई निर्णायक पदमा ल्याउने नीति अवलम्वन गरिने छ ।

५८. महिला वर्गको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच पुऱ्याउन उनीहरुको सहभागितालाई सुनिश्चत गर्ने नीति अबलम्बन गर्दै महिला सशक्तिकरणमा जोड दिई उनीहरुलाई प्रतिस्पर्धी बनाइनेछ

५९. छोरी छोरीको चाहना पुगेर स्थायी वन्ध्याकरण गर्ने दम्पत्तिलाई पुरस्कृत गर्ने संस्कारको थालनी गरिने छ ।

६०. भौतिक पूर्वाधारका संरचनाहरु निर्माण गर्दा महिला मैत्री संरचनाहरु जस्तै महिला पुर्नस्थापना केन्द्र भवन, अस्पताल, खानेपानी, कुटानी पिसानी मिल, कृषि सेवा केन्द्र भवन, महिला सहकारी

भवन, कृषि पाठशाला भवन, स्यानिटेरी प्याड विर्सजनस्थल, इनसिनेरेटर तथा धुवाँरहित चुलो आदिमा प्राथमिकता दिइने छ । तर महिलाको क्षमता विकासका लागि छुट्टाइएको श्रोतबाट भौतिक निर्माण गरिने छैन ।

६१. महिलाहरुको लैङ्गिक समानता तथा समता सम्वन्धि ज्ञान, सीपको वृद्धि र विकास गर्न सामाजिक परामर्शकर्ता भर्ना गरी उनीहरुलाई परिचालन गरिने छ ।

६२. वडास्तरमा मेलमिलाप केन्द्र गठन गरी मध्यस्थकर्ताको क्षमता विकास मार्फत महिलाहिंसालाई न्युनीकरण गरिने छ ।

६३. पालिकास्तरमा हिंसा पीडित महिलाहरुका लागि विशेष कोष स्थापना गरी सो कोष परिचालनका लागि कार्यविधि तयार गरी लागु गरिने छ ।

६४. महिला तथा वालहिंसालाई कम गर्न न्यायिक समितिको संस्थागत क्षमता विकासमा जोड दिइने छ ।

६५. हिंसा पीडित महिला, वालवालिका तथा अपाङ्गहरुका लागि पुनस्थापना केन्द्र स्थापना गरी परामर्श सेवा उपलव्ध गराइने छ ।

६६. लैङ्गिक हिंसाको बारेमा नीतिगत पैरवी गर्न सरकारी नीजि साझेदारीको अवधारणा अवलम्वन गरिने छ ।

६७. सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढंगले अघि वढाइने छ ।

६८. एकल महिला हित कोष, ज्येष्ठ नागरिक हित कोष, अपाङ्गता सहायता कोष, वालसंरक्षण कोष स्थापना गरी कार्यान्वयन गरिने छ ।

६९. बालमैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।

## आर्थिक क्षेत्र

### कृषि तथा पशुपालन

७०. कोभिड –१९ को प्रकोपका कारण यस क्षेत्रमा पर्न गएको आर्थिक क्षतिको अध्ययन गरी प्राप्त विश्लेषणको आधारमा कृषकहरुलाई राहत तथा अनुदानका कार्यक्रमहरु प्राथमिकताका साथ संचालनमा ल्याईनेछ ।

७१. कोभिड –१९ को प्रकोपका कारण वैदेशिक राजगारी गुमाई गाउँ फर्किएका व्यक्तिहरुको सीप र दक्षता पहिचान गरी त्यस्ता युवायुवतीहरुका लागि उपयुक्त व्यवसायिक कृषि तथा पशुपंक्षीपालन उद्यम कार्यक्रम संचालनमा जोड दिईनेछ ।

७२. कृषि क्षेत्रको विकासका लागि आपूर्तिमूखी, टुक्रे सहयोग पद्धति भन्दा पनि मागमा आधारित, एकिकृत पद्धतिमा जोड दिइने छ ।

७३. उन्नत कृषि व्यवसायमा अग्रसर युवा, महिला, दलित जनजाति तथा पछाडि परेको वर्गका लागि उन्नत वीउ, कृषि औजार, रासायनिक मल, सहुलियत कर्जाको पहुँच सहज र सरल वनाईने छ ।

७४. उन्नत कृषि प्रविधिलाई प्रबर्द्धन गर्न अगुवा किसानदेखि किसानसम्म भन्ने पद्धतिलाई अंगिकार गरिने छ ।

७५. एक गाउँ एक विशेष उत्पादनको नारालाई मुखरित गर्न कृषि पकेट प्याकेज कार्यक्रम ल्याइने छ ।

७६. किसानहरुलाई विचौलियाको मारबाट बचाउन उनीहरुलाई कृषि सहकारी संस्थासंग आवद्ध वनाउन कृषि तथा पशुपालन सहकारी संस्थाको स्थापना, संस्थागत विकासमा जोड दिइने छ ।

७७. अति गरिव, दलित र सीमान्तकृत किसानहरुको उपजलाई सहजै मुख्य वजार केन्द्रसम्म पुऱ्याउन आवश्यक पर्ने ढुवानी खर्चका लागि अनुदान प्रदान गरिने छ ।

७८. प्राङ्गारिक खेतीमा आधारित कृषि व्यवसायलाई प्रबर्द्धन गर्ने नीति अवलम्वन गरिने छ ।

७९. वाली विमा, पशु विमा, सहकारी खेती, सामुहिक खेती प्रणालीलाई प्रबर्द्धन गर्ने नीति लिइने छ ।

८०. ग्रामीणस्तरमा कृषि प्राविधिक सेवालाई दीगो वनाउन ग्रामीण कृषि तथा पशु स्वास्थ्य कार्यकर्ताको प्रबन्ध गरिने छ ।

८१. दुर्गम वडाहरुमा स्थापित हुने एग्रोभेटहरुलाई अनुदान तथा प्रोत्साहन सहयोग प्रदान गरिने छ ।

८२. बेनीघाट रोराङ गाउँपालिकामा बाख्रा तथा भैंसीको श्रोत केन्द्र स्थापना गरिने छ । पशुपालनलाई व्यवस्थित र मर्यादित वनाउनका लागि चरन क्षेत्रको विकास, प्रजननका लागि ए.आई.प्रविधि अपनाइने छ ।

८३. पशुवधशालाहरुलाई व्यवस्थित गर्न किसानहरुलाई सो सम्वन्धि तालिम प्रदान गरिने छ ।

८४. कृषि समूहहरुलाई सुदृढ गरी उनीहरु मार्फत विभिन्न कृषि तथा पशु सम्वन्धि ज्ञान तथा सीप प्रसारको कार्य गरिने छ ।

८५. कृषक सँग अध्यक्ष कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र समूह वा व्यक्तिगत रुपमा कम्तिमा ५ वटा गाई वा भैंसी पालन गरी दुध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने कृषकहरु तथा सामूहिक वा व्यक्तिगत रुपमा व्यवसायीक फर्म दर्ता गरी कम्तिमा ३० भन्दा बढी बाख्रा पालन गर्ने फर्महरुको बाख्राको विमा वापतको शुल्कमा ५० प्रतिशत रकम गाउँपालिकाले अनुदान दिने व्यवस्था मिलाईने छ ।

८६. महिला, दलित, अपाङ्ग, सीमान्तकृत वर्गहरुलाई कृषि उद्यमी वनाउनका लागि सहजिकरण गरिने छ ।

८७. कृषि क्षेत्रको उत्पादकत्व वढाउन कृषि वन कार्यक्रम अवलम्वन गरिने छ ।

८८. गाउँपालिका भित्र बाँझो रहेका व्यक्तिगत तथा सार्वजनिक खेतियोग्य जमिनमा समूह बनाई सामूहिक खेती गर्न चाहने समूहको लागि आवश्यक अनुदानको व्यवस्था गरी आय आर्जन अभिवृद्धिको कार्यक्रम संचालन गरिने छ ।

**उद्योग तथा वाणिज्य**

८९. सहुलियत कर्जा प्रवाहका लागि वैंक तथा वित्तीय संस्थासंग भएको सहमति तथा सम्झौतालाई प्रभावकारी, उत्पादनमुखी वनाइने छ ।

९०. वैक तथा वित्तीय संस्थाले प्रदान गर्ने सहुलियत कर्जामा विपन्न किसान, एकल तथा दलित महिला तथा सीमान्तकृत वडा तथा समुदायको पहुँच स्थापनाका लागि विशेष नीति अवलम्वन गरिने छ। वैदेशिक रोजगारीबाट फर्केर नेपालमा केही गर्न चाहने उद्यमीहरुको सूचना संकलन

गरी उनीहरुलाई उद्योग व्यवसाय सञ्चालनका लागि उत्साहजनक वातावरण श्रृजना गर्न सहयोग गरिने छ ।

९१. एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने संघीय सरकारको नीतिलाई कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारसंग साझेदारी गरिने छ ।

९२. गाउँपालिकाभित्र सम्पूर्ण करदाताहरुलाई प्रोत्साहन गर्ने वातावरण श्रृजना गर्न सम्पूर्ण करदाताहरुको प्रोफाइल तयार गरिने छ ।

९३. गाउँपालिकामा एउटा स्वायत्त राजस्व शाखा स्थापना गरी यसको संस्थागत विकासमा जोड दिइने छ ।

९४. गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाले निदृष्ट गरे बमोजिम क्षमता विकासका कार्यक्रमहरु अघि वढाइने छ ।

९५. करदाता शिक्षा, कर असुली अभियान, करदाताहरुसंगको अन्तर्कियालाई वढावा दिइने छ ।

९६. व्यवसाय करको दायरा बढाउँदै लाने र ठूला करदाताहरुसंग समीक्षा कार्यक्रम गर्ने रणनीति अपनाइने छ । भूकम्प, कोभिड तथा अन्य खालका आकस्मिक प्रकोपका कारण आफ्नो व्यवसायबाट विस्थापित भएका व्यवसायीहरुको लागि आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

९७. महिला, दलित, पछि परेको वर्ग, अपाङ्गहरु व्यवसाय दर्ता गर्न आएमा विशेष छुट दिने व्यवस्था गरिने छ । साथै उनीहरुले सञ्चालन गरेको व्यवसायलाई विशेष प्राविधिक सेवा टेवाको व्यवस्था गरिने छ ।

९८. व्यवसायिक सुरक्षाका लागि व्यवसाय विमाको नीति अवलम्वन गरिने छ ।

९९. सार्वजनिक नीजि साझेदारी नीति अवलम्वन गरिने छ । औद्योगिक क्षेत्रका लागि लगानी मैत्री नीति अवलम्वन गरिने छ ।

१००. नीजि क्षेत्रसँगको सहकार्यमा दीर्घकालीन जडीबुटी, पर्यटन, तथा खानीजन्य उद्योगहरुको अध्ययनको शुरुवात गरिनेछ । तर पर्यावरण तथा वातावरण प्रदुषण गर्ने उद्योगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

१०१. विभिन्न आयआर्जनका लागि सीप विकास तालिम जस्तै मोटर साईकल, मोवाईल, सवारी चालक, कम्प्युटर, कपाल काट्ने, प्लम्विङ्ग, कुक आदिका लागि लाभग्राही छनौट गर्दा जोखिम क्षेत्रका एकल महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकिकरण गरिने छ ।

**पर्यटन**

१०२. पर्यटन विकासलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिने छ । पर्यटन प्रबर्द्धन अन्तर्गत त्रिशुली नदी र्याफ्टिङ्ग, नोहक गुफा, मजदूर स्मृति सहिद पार्क, कृषक तालिम केन्द्र, कार्वाङ चुली, जवाङ सुन्तला बगैचा, सोलिघोप्टे सोलाभाजा, मनकामना मन्दिर, कोटगढी, सुन्दरनागी लगायतका क्षेत्रलाई पर्यटन गन्तब्य स्थलको रुपमा विकास गरिने छ ।

१०३. महाभारत श्रृखलामा ट्रेकिङ रुटको विकास तथा विभिन्न वस्तिमा होमस्टे संचालनका लागि आवश्यक पहल गरी पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याइनेछ ।

१०४. पर्यटनको क्षेत्रमा काम गर्ने नीजि क्षेत्रसंग सहकार्य गरी गाउँपालिकामा पर्यटन शाखा तथा यसको संस्थागत विकासका लागि साझेदारी गरिने छ ।

१०५. गाउँपालिकाभित्र भएका पर्यटन स्थलहरुको सूचना सामाग्री तथा सचित्र व्याख्या पुस्तिका प्रकाशन गरिने छ ।

१०६. गाउँपालिकाभित्र रहेका मौलिक संस्कृतिहरुलाई प्रबर्द्धन गर्नका लागि मौलिक संस्कृति केन्द्रहरुको पहिचान गरी उनीहरुको क्षमता विकास गरिने छ ।

१०७. पर्यटकहरुको गन्तव्य स्थलमा हरियाली सडक, सडक नाली, पार्क, वसोवासस्थल, खानेपानी तथा सरसफाई तथा सांस्कृतिक कार्यक्रमहरुको उचित प्रवन्ध मिलाइने छ ।

**सहकारी**

१०८. गाउँपालिकाभित्र भएका सहकारीहरुको लगानी उत्पादनमूलक क्षेत्रमा गर्ने वातावरण श्रृजना गरिने छ । कृषिको क्षेत्रमा विशेष योगदान पुऱ्याएका सहकारीहरुसंग गाउँपालिकाले साझेदारी गर्नेछ ।

१०९. गाउँपालिकाभित्र भएका सहकारी संस्थाहरुलाई लैङ्गिकतामा आधारित तथा अन्य विभिन्न खालका हिंसाको अन्त गर्नका लागि सामाजिक अभियन्ताको रुपमा अघि वढाइने छ ।

११०. सहकारीसंग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी श्रृजना गर्ने क्षेत्रमा लगानी गर्ने तथा विशेष वर्गका लागि सामूहिक जमानीमा विना धितो ऋण उपलब्ध गराउने नीति अवलम्वन गर्न गराउन गाउँपालिकाले सहकारी संस्थाहरुसँग साझेदारी गर्न सक्ने छ ।

१११. गाउँपालिकाभित्र भएका सहकारीहरुको आवश्यकता पहिचान गरी संस्थागत क्षमता सुदृढिकरणका लागि गाउँपालिकाले क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

११२. गाउँपालिका क्षेत्रभित्र सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुलाई गाउँपालिकामा दर्ता हुन र नयाँ वित्तीय संस्था खोल्नु पूर्व अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने नीति कार्यान्वयन गरिने छ ।

११३. गाउँपालिकाभित्र रहेका वैंक तथा वित्तीय संस्थाहरुलाई वडास्तरमा आफ्नो शाखा विस्तार गर्ने नीतिलाई प्रोत्साहन गरिने छ ।

११४. गाउँपालिकाभित्र रहेका बैंक तथा वित्तीय संस्थाको अनुगमन गरी उनीहरुलाई थप उत्तरदायी वनाइने छ ।

११५. अन्तराष्ट्रिय गैर सरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँमा विशेष लगानी गर्न चाहेमा त्यस्ता संस्थाका लागि लगानीमैत्री वातावरण श्रृजना गरिने छ ।

**<u>भौतिक पूर्वाधार क्षेत्र</u>**

**स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**

११६. व्यवस्थित सडक सञ्जाल, गाउँपालिकाको केन्द्रबाट बाह्रै महिना चल्ने व्यवस्थित सडक निर्माणलाई विकासको मुख्य आधारशीला मानी निरन्तरता दिइने छ ।

११७. विकासको मेरुदण्डको रुपमा रहेको पृथ्वी लोकमार्गलाई सुरक्षित तथा सुन्दर वनाउन राजमार्गको केन्द्रबाट १५-१५ मि. दायाँ-बायाँका सम्पूर्ण संरचनाहरु हटाई फुटपाथ सहितको

राजमार्ग निर्माणको अभियानलाई निरन्तरता दिइनेछ । सडक सौन्दार्यलाई वढाउन सडक हरियाली कार्यक्रम तथा सडक नाला निर्माणलाई प्रोत्साहन गरिने छ ।

११८. बजार तथा ग्रामीण क्षेत्रको सार्वजनिक जग्गा, सार्वजनिक भवन, तथा सार्वजनिक सम्पत्तिको सुरक्षा व्यवस्थाको नीति अपनाइने छ ।

११९. जोखिम संवेदनशील भूउपयोग योजना, वालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार, पूर्वाधार संरचनाहरुका लागि मर्मत संभार कोषको व्यवस्थालाई प्राथमिकता दिइने छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने कार्ययोजना निर्माण गरिने छ ।

१२०. सडक निर्माण गर्दा सडक भवन संहिता पूर्ण रुपमा पालना गरिने छ ।

१२१. २०७२ वैशाख १२ र त्यसपछिका पराकम्पबाट नीजि आवास पूर्णरुपमा क्षति भएको र विभिन्न कारणबस नीजि आवास पूनर्निमाण अनुदान तथा सेवा सुविधाबाट पूर्णरुपमा बञ्चित अत्यन्त जोखिम वर्गका लाभग्राहीहरुका लागि नीजि आवास पुनर्निमाण अनुदान कार्यक्रम तर्जुमा गरी लागु गरिने छ ।

१२२. भौतिक पूर्वाधार क्षेत्रलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि टुक्रे अनि साना योजनाहरुको सट्टामा ठूला आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने रणनीति अवलम्वन गरिने छ ।

**सिंचाई**

१२३. गाउँपालिकाले सिंचाईका आयोजनाहरुमा लगानी गर्दा कृषि उत्पादनको वढी संभावना भएको स्थानमा लगानी गर्ने नीति अवलम्वन गर्नेछ । नहर कुलोबाट सिंचाई हुन नसक्ने स्थानमा लिफ्ट सिंचाई, डिप वोरिङ, प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई कार्य गरिनेछ ।

१२४. सिंचाईको क्षेत्रमा सार्वजनिक नीजि साझेदारिताको नीति अवलम्वन गरिने छ । सिंचाई संरचनाको मर्मत तथा संभारमा जोड दिइने छ ।

१२५. सिंचाई क्षेत्रको वृद्धि र विकासका लागि स्थानीय सामाग्रीको प्रयोगमा जोड दिइने छ ।

१२६. सिंचाईको क्षेत्रमा काम गर्ने मानवीय श्रोतको क्षमता विकास गर्ने नीति अवलम्वन गरिने छ ।

**भवन तथा शहरी विकास**

१२७. राजमार्गको नजिक रहेका मझिमटार, फजिमटार, धुषाटार, विशालटार, वाहुनटार तथा रिचोकटार जस्ता टारहरुमा नमुना वस्ति निर्माणको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ । शहरीकरण तथा वस्ती विकासको नीति निर्माण गरी कार्ययोजना तयार गरी लागू गरिने छ ।

१२८. गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण संहिता मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ । गाउँपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत गाउँपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास र नियमित गर्ने अभियानलाई निश्चित समयसीमा तोकी कडाइ गरिनेछ । साथै अब उप्रान्त गाउपालिकाभित्र बन्ने घरमा कम्तीमा १ रुख र १ सेफ्टी ट्यांकी अनिवार्य गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

**उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)**

१२९. विद्युत पहुंच नपुगेका टोल वस्तीमा चालु आर्थिक वर्षभित्र केन्द्रीय प्रशारणको विद्युत सुविधा पुऱ्याउन आवश्यक पहल गरिने छ । केन्द्रिय प्रशारण लाईनको पहुँचबाट टाढा रहेका गाउँवस्तीहरुमा सौर्य उर्जा उत्पादनलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।

१३०. गाउँपालिकाको राजमार्ग क्षेत्र र सार्वजनिक चोक तथा धार्मिक स्थलहरुमा क्रमिक रुपमा सौर्य वत्ती जडान गर्न पहल गरिनेछ र बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँगको समन्वयमा धुँवारहित चुलो निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**संचार**

१३१. नेपाल टेलिकमसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवाको सुनिश्चितता गरी वडा कार्यालयमा इन्टरनेट सेवाको विस्तार गरी दैनिक प्रशासनिक कार्यलाई प्रविधिमैत्री वनाइने छ ।

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

**वन तथा भू–संरक्षण**

१३२. गाउँ क्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि बढाइनेछ भने आवश्यकता अनुसार जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।

१३४. सार्वजनिक जग्गा, ऐलानी प्रति, बाटो चौतारो, चोक, एवं परम्मपरागत खुल्ला क्षेत्र र सरकारी जमिनलाई सिमाङ्कन गरी संरक्षण गरिनेछ । पहिरो तथा भूक्षय संवेदनशील क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरु अवलम्वन गरिने छ ।

१३५. वृक्षारोपण र तारवार मार्फत गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्नुका साथै पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना संचालन गरिनेछ ।

**वातावरण संरक्षण र जलवायु परिवर्तन**

१३६. स्वस्थ नागरिक सम्वृद्ध गाउँपालिकाको आधार भन्ने मान्यताका साथ स्वास्थ्य तथा सरसफाई क्षेत्रको विकासमा विभिन्न निकायलाई परिचालन गरी पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माणको कार्यक्रम सञ्चालन गरिनेछ । सरसफाईलाई दीगो वनाउन सरसफाई गुरुयोजना निर्माण गरिने छ । हरेक योजना निर्माण गर्दा वातावरण तथा पर्यावरणीय पक्षलाई विशेष ध्यान दिइने छ ।

१३७. गाउँपालिकाले जलवायु अनुकुलन नीति, योजना तथा जलवायु अनुकुलन कार्ययोजना निर्माण गर्नेछ । साथै जलवायु संरक्षणका लागि स्थानीय समुदायको सहभागिताका लागि अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३८. संकटमा पर्न लागेका कुवा, पोखरी, जलाशय संरक्षण तथा संवद्र्धन गर्ने नीति अंगिकार गरिने छ । वाढी पहिरो वढी आउने तथा भूक्षयको वढी प्रकोप भएको ठाउँमा कृत्रिम पोखरी निर्माण गर्ने कामलाई प्राथमिकता दिइने छ । साथै रैथाने जातका वोट विरुवाहरुको वीउ संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

**फोहरमैला तथा ढल व्यवस्थापन**

१३९. त्रिशुली नदीको स्वच्छता पुनस्थापित गर्न नदीमा फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न विशेष अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

१४०. राजमार्ग आसपासका घरहरुबाट उत्सर्जन हुने गल्ने फोहोरलाई कम्पोष्ट मल वनाई कृषि उत्पादनमा प्रयोग गर्ने नीति अवलम्वन गरिने छ । नगल्ने फोहोरफाई पुनः प्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गर्दै फोहरलाई मोहरमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिनेछ । गाउँपालिकालाई प्लाष्टिकमुक्त क्षेत्र वनाउनका लागि जनसमुदायको क्षमता विकास गर्ने नीति अवलम्वन गरिने छ ।

१४१. टोल विकास संस्था तथा क्लबहरुलाई परिचालन गरी सरसफाई तथा हरियाली क्षेत्र विस्तार गरी वातावरणीय सन्तुलन कायम गर्ने कार्यको जिम्मेवारी दिईने छ ।

१४२. दिगो विकासको पाँच स्तम्भको रुपमा रहेको विश्वव्यापी मान्यता अन्तर्गत पृथ्वीको श्रोत साधनको संरक्षण, मानवीय गरिवी तथा भोकमरीको उन्मुलन, प्रकृतिसंग सामन्जस्यता कायम गर्दै प्राप्त गरिने समृद्धि, शान्तिपूर्ण, न्यायसंगत समावेशी समाजको निर्माण तथा सशक्त विश्वव्यापी साझेदारितामा आधारित दिगो विकासको एजेण्डाहरुलाई आत्मसात गरिने छ ।

**जल उत्पन्न प्रकोप नियन्त्रण**

१४३. नदीनालाबाट उत्पन्न हुने प्रकोप नियन्त्रण गर्न खोलामा तटबन्द, वृक्षारोपण कार्यक्रम गरिने छ।

**विपद व्यवस्थापन**

१४४. गाउँपालिकामा विपद व्यवस्थापनका लागि एक विपद व्यवस्थापन कोषको निर्माण, विपद व्यवस्थापन कार्ययोजना निर्माण गरी विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरिने छ । गाउँपालिकाका सवै वडाहरुमा विपद जोखिम न्युनिकरणका लागि जनचेतनामूलक कार्यक्रम, विपद व्यवस्थापन कार्ययोजना वनाई कार्यान्वयन गरिने छ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र</u>**

**सामान्य सेवा**

१४५. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम, जनउत्तरदायी र अर्थपूर्ण वनाउन आन्तरिक लेखा परीक्षण शाखा, सार्वजनिक सुनुवाई, सार्वजनिक अडिट, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ वनाइने छ । गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन २०७७ ले दिएको सुझाव बमोजिम गाउँपालिकाको हरेक शाखाको संस्थागत विकासको अवस्थाको समीक्षा गरी प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिकाका अध्यक्ष एवं

प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका शाखा प्रमुखहरु वीच कार्यसम्पादन सम्झौता गरिने छ

१४६. कार्य सम्पादनमा उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन गर्ने परिपाटीको विकास गरिने छ । जनप्रतिनिधि, गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुको क्षमता विकास गर्नका लागि क्षमता विकास योजना तयार गरी सो क्षेत्रमा श्रोत विनियोजन गरिने छ ।

१४७. गाउँपालिकाले गरेका असल अभ्यासहरुलाई लिपिवद्ध गरी गाउँपालिकाको वेभसाईटमा राखे अभ्यासलाई प्रबर्द्धन गरिने छ ।

१४८. जनताको सूचनाको हकलाई जीवन्त वनाई राख्न गाउँपालिका सम्वन्धि सूचना, आफूले गरेका असल काम, गाउँपालिकाले गरेका महत्वपूर्ण निर्णय दुरदराजका जनताहरुलाई सुसूचित गर्न हरेक वर्ष सुशासन वुलेटिन प्रकाशन गरिनेछ । आफ्ना कामकारवाहीहरुलाई फेसवुक पेज, वेभसाईट, वुलेटिन, सूचना पाटी मार्फत पारदर्शी गरिनेछ ।

१४९. गाउँपालिकाको प्रशासनिक निर्माणाधिन भवनलाई निन्तरता दिदै वडा कार्यालयको भवनलाई सुव्यवस्थित वनाउन विशेष पहल कदमी गरिने छ ।

१५०. भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्तीप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी गाउँपालिकाको सेवा प्रवाहलाई गुणस्तरीय वनाइने छ ।

१५१. नेपाल सरकारले आन्तरिक पर्यटनका प्रर्बद्दनका लागि व्यवस्था गरे बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि १० दिनको पर्यटन काजको व्यवस्था गरिनेछ । साथै गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राखी कार्य अभिप्रेरित गर्न कार्यक्षमता/ अतिरिक्त कामको आधारमा कार्यविधिको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

१५२. नेपाल प्रहरीसंगको सहकार्यमा नगर प्रहरी मार्फत गाउँपालिका तथा वडा कार्यालयहरुको सुरक्षा, गाउँ शान्ति सुरक्षाको वातावरण कायम गरिने छ ।

१५३. मलेखु देखि मैवाखोलासम्म पृथ्वी राजमार्गको दायाँबायाँ १५ मिटर क्षेत्रभित्र रहेका रुखहरुलाई हटाउन पहल गरिनेछ ।

१५४. दलित र भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्न कार्यक्रम सहित अघि बढाइनेछ ।

१५५. गरिव घरपरिवारलाई सम्बन्धित मन्त्रालयको सहजीकरणमा राष्टिय परिचय पत्र वितरण गर्न पहल गरिनेछ ।

**सूचना प्रविधि**

१५६. सूचना र प्रविधिको माध्यमबाट गाउँवासीलाई गाउँपालिकाको सूचनामा पहुँच स्थापित गर्न, आफ्ना गुनासाहरु व्यक्त गर्ने वातावरण श्रृजना गर्न, गाउँपालिकाभित्र भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलहरुको वारेमा जानकारी लिने वातावरण श्रृजना गरिने छ ।

**पञ्जिकरण**

१५७. अनलाईन व्यक्तिगत घटना दर्ता प्रक्रियालाई थप वडाहरुमा विस्तार गर्दै लगिनेछ र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरणलाई थप अद्यावधिक गरिने छ ।

१५८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउने निति अवलम्बन गरिनेछ ।

**स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

१५९. तथ्यमा आधारित योजना तर्जुमा प्रक्रियालाई स्थापित गराउन विभिन्न विकास क्षेत्रका खण्डीकृत सूचनाहरु संकलन, विश्लेषण, प्रशोधन तथा भण्डारण गरी वेभसाईट मार्फत सवैलाई सहज पहुँच हुने व्यवस्था गरिने छ ।

**सुशासन प्रवर्धन**

१६०. गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई गुणस्तरीय तथा पारदर्शी वनाउन रु तीनलाख भन्दा वढि लागतको योजना तथा कार्यक्रमको योजना सञ्चालन स्थलमै सूचना पाटी राख्ने तथा सवै योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न पश्चात सवै उपभोक्ताको उपस्थितिमा सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६१. प्रत्येक योजना तथा कार्यक्रमका लागि उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिका उपाध्यक्षको अध्यक्षतामा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रबाट सवै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६२. गाउँपालिका सबै वडा कार्यालयमा सेवाग्राहीले सहज र सरलरुपमा नागरिक बडापत्र देख्ने गरी नागरिक बडापत्र टाँस गरिनेछ । नागरिक बडापत्रका बारेमा सेवाग्राहीलाई सचेत गरिदै लगिनेछ । सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ ।

१६३. गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

१६४. गाउँपालिकाको विभिन्न शाखाहरुबाट गरिएको सेवाको सन्तुष्टी मापन सर्भे गरी सो अनुसार शाखाबाट प्रदान गरिने सेवालाई सुव्यवस्थित गरिने छ ।

१६५. जनताको गुनासाहरुलाई सम्वोधन गर्न एक जना गुनासो सम्वोधन अधिकारीको व्यवस्था गरिनुको साथै गुनासो पेटिकाको व्यवस्था पनि गरिने छ । गाउँका जनताहरुको गुनासो गुनासो पेटिकामा आउने वातावरण र आएका गुनासोहरुलाई समुचित रुपमा सम्वोधन गर्ने जिम्मा हामीमा अन्तर्निहित हुनेछ ।

**अनुसन्धान, विकास र विविध**

१६६. गाउँपालिकाको आवधिक विकास योजना, विभिन्न क्षेत्रको गुरुयोजना वनाउने कामलाई प्राथमिकता दिइने छ ।

१६७. गाउँपालिकाको विकास निर्माणका गतिविधिहरुमा सहकार्यको संस्कृति निर्माण गरिने छ । विभिन्न सामाजिक संघसंस्थासंग हातेमालो गरी विकास निर्माणका गतिविधिहरु अघि वढाइने छ।

१६८. नविनतम ज्ञान प्रबर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यमूलक अनुसन्धानमा जोड दिइने छ ।

**गाउँ सभाका सदस्यज्युहरु,**

झण्डै १ वर्षदेखि यता विश्वनै कोभिड १९ को कारणले त्राहीमाम वनेको छ । युद्धले मात्र अशान्ति हुँदो रहेनछ, अशान्ति मच्चाउन आँखाले देख्न नसकिने वोसोबाट वनेको निर्जीव जीव काफी हुँदो रहेछ भन्ने नयाँ सन्देश हामीले पाएका छौं । हाम्रो छिमेकी मित्र देश चीनबाट शुरु भएको यो महामारीले भारत हुँदै हाम्रो सामाथ्र्यमा धावा बोलिरहेको छ । कोरोना भनेको एउटा सामुन्द्रिक तुफान जस्तो हो, यसले कति बेला कसलाई आक्रमण गर्छ अनि कसको घरमा रुवावासी मच्चाउँछ केही ठेगान छैन त्यसैले होशियारी अपनाउनुको अर्को विकल्प छैन । कोरोनाको संक्रमण कहिलेसम्म रहि रहने हो हामी कोही पनि अनुमान गर्न सक्दैनौं । तर गाउँवासीको नाममा हामीले गरेको प्रतिवद्धतालाई कोरोनाले रोक्ने छैन, छेक्ने छैन यो हाम्रो आशा र अपेक्षा हो । ईश्वरमाथि आस्था गर्ने नगर्ने यो हाम्रो कुरा हो तर हरेक मानिसमा धार्मिकता हुन्छ यो मेरो विश्वास हो । यो संसारलाई आपतकालीन अवस्थाबाट जोगाउने, वचाउने भनेकै तिनै व्यक्तिहरुले गर्छन जसको मन निष्कपट हुन्छ । आज हाम्रो अघि पहिला आफू वाँच्ने अनि अरुलाई पनि वाँच्न सहयोग गर्ने चुनौति खडा भएको छ । त्यसैले मास्क लगाउँ, सेनिटाईजरको प्रयोग गरौं, सामाजिक दुरी कायम गरौं, भीडभाडबाट वचौं, पोषिलो खानेकुरा खाउँ भन्दै बेनीघाट रोराङ गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्युहरु, वडा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सम्पूर्ण कर्मचारीहरु, वडा सचिव लगायत वडा कार्यालयका कर्मचारीहरु, अन्य सरकारी कार्यालयका कर्मचारीहरु, शिक्षक, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी, तथा समस्त बेनीघाट रोराङ गाउँवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**~ धन्यवाद ~**